निर्णय नं २

गणतन्त्र दिवस, २०८० विविध कार्यक्रमहरुको आयोजना गरी मनाउन देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) गणतन्त्र दिवस, २०८० को अवसरमा मन्त्रालय/कार्यालयहरु र सार्वजनिक स्थानको सरसफाई गर्ने । नगर क्षेत्र सरसफाई व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई जिम्मेवारी दिने ।

ख) जेठ १५ गते साँझ प्रदेश स्थित सबै मन्त्रालय/कार्यालयहरु/सार्वजनिक एवम् सामुदायिक संघसंस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र प्रदेशवासीहरुका घरघरमा दिपावली गर्न अनुरोध गर्ने ।

ग) सार्वजनिक निकायहरुले राष्ट्रिय झण्डा फहराउने एवम् ब्यानर प्रदर्शन गर्ने ।सार्वजनिक स्थलहरुमा राष्ट्रिय झण्डा एवम् व्यानरको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

घ) गणतन्त्र दिवसको अवसरमा वागमती प्रदेश सरकारको प्रवक्ताबाट पत्रकार र सञ्चार माध्यम मार्फत गणतन्त्र दिवसलाई सभ्य र भव्य रुपमा मनाउन अपिल गर्ने।

ङ) सबै मन्त्रालय/निकायहरुले आफ्नो वेवसाइटको होमपेजमा "गणतन्त्र दिवस, २०८० भव्यताका साथ मनाऔं" लेखिएको व्यानर देखाउने व्यवस्था गर्ने ।

च) २०८० जेठ १४ गते सार्वजनिक रक्तदान कार्यक्रम आयोजना गर्ने । सो कार्यको सम्पूर्ण व्यवस्थापन स्वास्थ्य मन्त्रालयले गर्ने ।

छ) २०८० जेठ १६ गते वृक्षारोपण कार्यक्रम आयोजना गर्ने । सो कार्यको सम्पूर्ण व्यवस्थापन वन तथा वातावरण मन्त्रालयले गर्ने ।

ज) प्रदेशमा क्रियाशील पत्रकारलाई प्रोत्साहित गर्न विभिन्न विधामा स्थापित पत्रकारिता पुरस्कार मूल समारोहमा वितरण गर्ने।सो कार्यको समन्वय सञ्चार रजिष्ट्रारको कार्यालयले गर्ने।

झ) १६ औं गणतन्त्र दिवसको अवसरमा बागमती प्रदेश सरकार, विभिन्न राजनीतिक दलहरु र नागरिक समाजको प्रतिनिधि विच अन्तरक्रिया गर्ने र सञ्चार माध्यमबाट प्रसारण गर्ने ।

ञ) सञ्चार रजिष्ट्रारको कार्यालयको संयोजकत्व तथा नेपाल पत्रकार महासंघ, बागमती प्रदेश समितिको समन्वयमा "गणतन्त्रको १५ वर्ष - अवसर र चुनौती" विषयमा खुला लेख प्रतियोगिता आयोजना गर्ने । सो प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने प्रतिष्पर्धीहरुलाई पुरस्कार राशी

मुख्यमन्त्री

CamScanner

क्रमशः रु.पन्ध्र(१५)हजार, रु.दश (१०) हजार र रु.पाँच (५) हजार को व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

ट) २०८० जेठ १५ गते विहान ७:३० बजेदेखि हेटौंडाको बुद्ध चोकदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म प्रभातफेरी आयोजना गर्ने । प्रभातफेरी पश्चात मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा गणतन्त्र दिवस २०८० बागमती प्रदेश मूल समारोह समितिको आयोजनामा विशेष समारोह आयोजना गर्ने ।

ठ) सो विशेष समारोहमा माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथीको रुपमा एवम् माननीय सभामुखज्यूलाई विशेष अतिथीको रुपमा आमन्त्रण गर्ने ।प्रमुख अतिथीको लागि सलामीको व्यवस्थापन नेपाली सेनाले गर्ने ।

मुख्यमन्त्री

CamScanner